# स्थानीय तह निर्वाचन (दोस्रो संशोधन) नियमावली, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।१।२८**

स्थानीय तह निर्वाचन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन (दोस्रो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम १३ मा संशोधन : स्थानीय तह निर्वाचन नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १३ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको सबै पदमा निर्विरोध निर्वाचन भएमा त्यस्तो स्थानीय तहको लागि मतदान हुन तोकिएको मितिमा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मानिनेछ र त्यसरी निर्विरोध निर्वाचित भएका उम्मेदवारलाई सोही मितिमा प्रमाणपत्र दिइनेछ ।"

३. मूल नियमावलीको नियम २८ मा संशोधन : मूल नियमावलीको नियम २८ को उपनियम (४) मा रहेका "अनुसूची-१९ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "प्राप्त भएको मतको आधारमा" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल नियमावलीको नियम २९ मा संशोधन : मूल नियमावलीको नियम २९ को उपनियम (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर यसरी निर्वाचन अधिकृत नियुक्ति गर्दा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई मात्र नियुक्ति गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका राजपत्राङ्कित अधिकृतलाई समेत नियुक्ति गर्न सकिनेछ ।"

५. मूल नियमावलीमा नियम ३३क. थप : मूल नियमावलीको नियम ३३ पछि देहायको नियम ३३क. थपिएको छ :-

"३३क. शपथ नलिई निर्वाचनमा संलग्न हुन नपाउने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँसभा वा नगरसभाको कुनै पदमा निर्वाचित भएको व्यक्तिले दफा ३८क. बमोजिम सो पदको शपथ नलिएसम्म गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचन तथा जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी देहायको कुनै कार्यमा संलग्न हुन पाउने छैन :-

(क) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्यको निर्वाचनमा उम्मेदवार हुन, उम्मेदवारको प्रस्तावक वा समर्थक हुन र मतदान गर्न,

(ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनमा उम्मेदवारको प्रस्तावक वा समर्थक हुन र मतदान गर्न,

(ग) जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार हुन, उम्मेदवारको प्रस्तावक वा समर्थक हुन र मतदान गर्न ।"

६. <u>मूल नियमावलीमा नियम ३८क. थप</u> : मूल नियमावलीको नियम ३८ पछि देहायको नियम ३८क. थपिएको छ :-

"३८क. <u>शपथ</u> : (१) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षले निर्वाचन परिणाम प्राप्त भएको सामान्यतया तीन दिनभित्र सम्बन्धित निर्वाचन अधिकृत समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

(२) अध्यक्ष वा प्रमुखले शपथ लिए पछि वडा समितिका सदस्यले अध्यक्ष वा प्रमुख समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

(३) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समूदायबाट हुने सदस्यले निर्वाचन परिणाम प्राप्त भएपछि निर्वाचन अधिकृत समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

(४) जिल्ला समन्वय समितिको निर्वाचन परिणाम प्राप्त भएपछि जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखले जिल्ला न्यायाधीश समक्ष तथा जिल्ला समन्वय समितिका सदस्यले जिल्ला समन्वय समितिको प्रमुख समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिम गरिने शपथ ग्रहणको ढाँचा अनुसूची-२९क. बमोजिम हुनेछ ।"

७. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u> : मूल नियमावलीको,-

(१) अनुसूची-१ को,-

(क) प्रस्तावकले भर्ने उम्मेदवारको विवरणको क्रमसङ्ख्या ५ र प्रस्तावकको विवरणको क्रमसङ्ख्या ४ मा रहेका "मतदाता नामावलीमा मतदाता क्रमसङ्ख्या" भन्ने शब्दहरुको सट्टा "मतदाता नम्बर" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) समर्थकले भर्ने आफ्नो विवरणको क्रमसङ्ख्या ४ मा रहेका "मतदाता नामावलीमा मतदाता क्रमसङ्ख्या" भन्ने शब्दहरुको सट्टा "मतदाता नम्बर" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) मनोनीत उम्मेदवारले भर्ने विवरणको खण्ड (ध) को क्रमसङ्ख्या ५ मा रहेका "मतदाता नामावलीमा मतदाता क्रमसङ्ख्या" भन्ने शब्दहरुको सट्टा "मतदाता नम्बर" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-१९ झिकिएको छ ।

(३) अनुसूची-२९ मा रहेको तालीकाको चौथो महलमा रहेका "मतदाता क्रमसङ्ख्या" भन्ने शब्दहरुको सट्टा "मतदाता नम्बर" भन्ने शब्दहरु राखिएका छन् ।

(४) अनुसूची-२९ पछि संलग्न अनुसूची-२९क. थपिएको छ ।

"अनुसूची-२९क.

(नियम ३८क. को उपनियम (५) सँग सम्बन्धित)

**शपथ ग्रहणको ढाँचा**

म .......... ............. .............. मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै गाउँ कार्यपालिकाको अध्यक्ष/उपाध्यक्ष/सदस्य/गाउँपालिकाको वडा अध्यक्ष/वडा समितिको सदस्य/नगर कार्यपालिकाको प्रमुख/उपप्रमुख/सदस्य/नगरपालिकाको वडा अध्यक्ष/वडा समितिको सदस्य/जिल्ला समन्वय समितिको प्रमुख/उपप्रमुख/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीका साथ गर्नेछु ।

नाम :.........................

मिति :........................

सही :........................."